annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २४३, पृष्ठ ८ | काठमाडौं, आइतबार २७ पुस २०८२ | माघ कृष्णपक्ष अष्टमी, नेपाल संवत् ११४६ | SUNDAY, JANUARY 11, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



अन्नपूर्ण खोज

# विश्व सम्पदाकै जग्गा गायब

## बौद्धनाथ स्तूपको १,३८२ रोपनी जग्गा खै ?

अतिक्रमणकारीले स्तूप वरिपरिका देवल, सत्तल र धर्मशाला नष्ट गरेर कब्जा जमाइसकेका छन् । त्यसैकारण विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ स्तूपको संरक्षणका लागि राज्यले अविलम्ब ठोस कदम चाल्नै पर्ने देखिएको छ । अर्कोतिर स्तूपमाथि बौद्ध क्षेत्र विकास समिति कि गुठी संस्थानको स्वामित्वको विवाद पनि तत्काले हल गर्नुपर्ने देखिएको छ ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

समाचार पृष्ठ २

सुनिता डंगोल

## 'एमाले निर्वाचनबाट कहिल्यै पन्छिदैन'



**काठमाडौं** (अन्नपूर्ण): एमालेले मुलुकको राजनीति दुई ध्रुवमा केन्द्रीकरण भइरहेको बताएको छ। जेन-जी आन्दोलनका क्रममा भदौ २४ को घटनालाई वैधता दिने कि अस्वीकार गर्ने भन्नेमा राजनीति ध्रुवीकृत हुन थालेको एमालेको भनाइ छ। केन्द्रीय कमिटीको शनिबारको बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओलीले भदौ २४ को घटनालाई विध्वंशको संज्ञा दिए।

त्यसलाई वैधता दिने र नदिनेबीच ध्रुवीकरण भइरहेको बताए। 'एकातिर 'पुराना दल' र अर्कातिर 'नयाँ दल' बीचको ध्रुवीकरण भनेर चर्चा गरिए पनि यतिबेला मुलुकको राजनीति कुनै राजनीतिक दर्शन, विचारधारा या मुद्दामा होइन, भदौ २४ को विध्वंशलाई वैधता दिने कि त्यसलाई अस्वीकार गर्दै लोकतन्त्रलाई पुनर्स्थापित गर्ने भन्ने ध्रुवीकरण भएको छ,' ओलीले भने।

धम्की, घृणा, निषेध र हिंसाको बलमा लोकतान्त्रिक शक्तिहरूलाई किनारा लगाउन संभव नभएको उल्लेख गर्दै ओलीले आफूहरूले गराएकै निर्वाचनका माध्यमबाट पनि लोकतान्त्रिक शक्तिहरूले पुनरागमन गर्ने देखेपछि विध्वंशका पक्षधरहरू एक ठाउँमा उभिन खोजिरहेको बताए।

उनले राजनीतिक पार्टीहरूकै भूमिकाको बलमा लोकतन्त्र बलियो हुने बताए। विचारविहीन, कुनै सार्वजनिक जवाफदेहिता नभएका र सामाजिक नैतिकताका दृष्टिले विवादस्पद व्यक्तिहरू एक ठाउँमा जम्मा भएर लोकतान्त्रिक प्रणाली, विचार र संस्थाहरूलाई चुनौती दिइरहेको अवस्था पनि उनको आरोप छ। 'कुनै दिन कुनै 'अवतारी' नायकको जन्म हुन्छ र तिनीहरूले हेर्दा हेर्दै समस्याहरूको जादुमयी समाधान गरिदिन्छन् भन्ने भ्रम तुवाँलो फैलाइँदैछ, उनले भने, तर न त विध्वंश आन्दोलन हो, न' 'पपुलिज्म' नै अग्रगामी विकल्प।

'पपुलिज्म' ले मुलुकको स्थायित्व, लोकतान्त्रिक प्रणाली र जनताको भावनामा खेलबाड गर्दै कमजोर बनाउँछ, समाजमा सामूहिक निराशा सिर्जना गर्छ।' उनले थपे, 'पपुलिज्म, सामाजिक असन्तुष्टि, अराजकता र त्यसपछि विध्वंश र यही हो सिलसिला! थप समस्या जन्माउँदै जान्छ।'

» बाँकी पृष्ठ ६

# रवि-कुलमान दुईतिर

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

उज्यालो नेपाल पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबीच १२ दिनमै पार्टी एकता भंग भएको छ। रास्वपा अध्यक्ष रवि लामिछाने र कुलमान घिसिङ संरक्षक रहेको उज्यालो नेपाल पार्टीले पुस १४ गते सहमतिपत्रमा हस्ताक्षर गरेर पार्टी एकता गरेका थिए। सहमतिपत्रमा रास्वपाका तर्फबाट सभापति लामिछाने र उज्यालो नेपालका तर्फबाट अध्यक्ष अनुपकुमार उपाध्यायले हस्ताक्षर गरेका थिए। काठमाडौंका मेयर एवं रास्वपा नेता बालेन शाह साक्षी बसेका थिए। सहमतिमा कुलमानलाई उपसभापति बनाउने उल्लेख थियो।

उक्त सहमति कार्यान्वयन नभएको कुलमान पक्षको आरोप छ। घिसिङले शनिबार पत्रकार सम्मेलन गरेर रास्वपाकै कारण सहमति तोडिएको आरोप लगाए। रास्वपासँग गरिएको सहमति 'यसरी चाँडै भत्कन्छ भन्ने आफूलाई कहिल्यै नलागेको' पनि घिसिङले बताए। 'म आज अत्यन्तै मर्माहित भएको छु। यो अवस्था आउँछ भनेर लागेको थिएन,' घिसिङले भने। सहमतिका बुँदा रास्वपाले कार्यान्वयन गर्न नमानेको घिसिङले आरोप लगाए। 'यो १२ दिन मेरा लागि ठूलो बिलखबन्द, कता जाने भन्ने नै अन्यौलमा भएको परिस्थिति थियो,'



घिसिङले भने, 'अगाडि बढौं भने उहाँहरू अघि बढ्न नदिने, पछि जाऔं भने आमनेपाली र जेन-जी भाइबहिनीहरूको सपनालाई पूरा गर्नका लागि पछि हट्न नमिल्ने अवस्था थियो।' तर, रास्वपा पक्षले हैसियतभन्दा बढी भाग कुलमान पक्षले मागेकाले सहमति तोडिएको बताएको छ।

वरिष्ठ उपाध्यक्ष, महामन्त्रीसहित केन्द्रीय समितिमा धेरै संख्या मागेकाले सहमति तोडिएको रास्वपा पक्षको दाबी छ। उज्यालो नेपालबाट



समानुपातिकमा संख्या बढाउनुपर्ने माग राखेको रास्वपा पक्षको भनाइ छ। तर, उज्यालो नेपाल पार्टीका नवनियुक्त अध्यक्ष घिसिङले आफूले रास्वपासँग कुनै ठूलो पद बार्गेनिङ नगरेको दाबी गरे। आफूले पार्टीको साधारण सदस्य बन्छुभन्दा पनि १२ दिनसम्म होल्ड गराएर राखेको घिसिङको आरोप छ।

उनले भने, 'म आफैं एउटा उपाध्यक्ष त्यो पनि वरीयतामा तल रहेर पनि सहेर गएको थिएँ। अन्तिम चरणमा मैले एउटा प्रस्ताव पनि गरेको थिएँ। म रास्वपाको साधारण सदस्य भएर बस्छु, केन्द्रीय समितिका साथीहरूलाई एड्जसमेन्ट गर्छु भनेको थिएँ।' उनले रास्वपाको तर्फबाट नै सहमति भंग भएको बताए। उनले भने, 'एकतर्फी रूपमा सहमति भंग गरेको मलाई जानकारी गर्नुभयो। मिडियामा पनि त्यही हिसाबले आयो। वास्तवमा यो १२ दिन हाम्रा लागि पीडादायी भयो।'

सहकार्य भंग भएसँगै उज्यालो नेपालको अध्यक्षमा कुलमान घिसिङ नियुक्त भएका छन्। आफूलाई बेवास्ता गरेर बालेनसँग रास्वपा मिलेपछि असन्तुष्ट भएका कुलमान घिसिङलाई सुदन गुरुङहरूले लगेर जबरजस्ती एकता गराएका थिए। स्वयं घिसिङले पनि आफूलाई सुधन गुरुङकै जबरजस्तीको आग्रहमा रास्वपासँग मिलेको बताए।

### सदस्यता लिएकै दिन अध्यक्ष

घिसिङ उज्यालो नेपालको सदस्यता लिएकै दिन पार्टी अध्यक्ष पनि बनेका छन्। नागरिक सरकारको मन्त्री भएका कारण पार्टीको नेतृत्वमा नआएका घिसिङ राजीनामा दिएको २ दिनपछि सदस्यता लिँदै पार्टीको अध्यक्ष नै भए।

» बाँकी पृष्ठ ६

## इरानमा दुई सातासम्म विरोध, दमन अझ कडा

**पेरिस** (एजेन्सी): इरानभर फैलिएको सरकार विरोधी प्रदर्शन शनिबार दुई साताको नजिक पुगेको छ। अधिकारीहरूले कडा दमन जारी राखेको भए पनि आन्दोलन रोकिएको छैन, बरु प्रमुख सहरहरूमा नयाँ र्‍याली देखिएका छन्।

इन्टरनेट र अन्तर्राष्ट्रिय फोन सेवा लगभग पूर्णरूपमा बन्द गरिएपछि देशभित्रको वास्तविक अवस्था बाहिरी संसारका लागि झनै अस्पष्ट बनेको छ। यद्यपि मानव अधिकार समूहहरू र सीमित रूपमा उपलब्ध भिडियो प्रमाणका आधारमा मृतक, घाइते र पक्राउ पर्नेहरूको संख्या तीव्र रूपमा बढिरहेको देखिएको छ।

अमेरिकास्थित ह्युमन राइट्स एक्टिभिस्ट्स न्युज एजेन्सीका अनुसार हालसम्म कम्तीमा ६५ जनाको ज्यान गएको छ भने २ हजार ३ सयभन्दा बढी प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ। अर्कोतर्फ, नर्वेमा आधारित इरान मानवाधिकार समूहले मृतकको संख्या कम्तीमा ५१ पुगेको भए पनि वास्तविक आकडा अझ धेरै हुनसक्ने चेतावनी दिएको छ। इरानी राज्य टेलिभिजनले भने सुरक्षा बलमाथि भएको आक्रमण र सुरक्षाकर्मीको हताहतलाई जोड दिँदै राष्ट्रको नियन्त्रण कायम रहेको सन्देश प्रसारण गरिरहेको छ।

## एकढिक्का रहला त कांग्रेस ?

# विशेष महाधिवेशन आजबाट, संस्थापन पक्षको बहिष्कार

**राधा खनाल** | *काठमाडौं*

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको पहलमा आइतबारदेखि विशेष महाधिवेशन सुरु हुन थालेपछि कांग्रेस विभाजन हुन लागेको त होइन ? भन्ने प्रश्न उठेका छन्। सभापति शेरबहादुर देउवाको सहमतिबिनै विशेष महाधिवेशन आयोजना गरिएको छ। अर्थात्, संस्थापन पक्षले विशेष महाधिवेशनमा भाग नलिने अडान राखेकाले कतै कांग्रेस दुई चिरामा विभाजन त हुने होइन भन्ने जिज्ञासा पैदा भएका छन्।

२ हजार ४ सय ८८ जना महाधिवेशन प्रतिनिधिले विशेष महाविधेशनको माग गरेकाले विशेष महाधिवेशन आयोजना गरिएको महामन्त्रीद्वयको दाबी छ। उनीहरूले पार्टी विधानको धारा १७ (२) अनुसार विशेष महाधिवेशन आयोजना गरिएको दाबी गरेका छन्।

यद्यपि, पार्टी सभापति देउवा र उनी पक्षीय नेताहरू भने सहभागी नहुने स्पष्ट गरेका छन्। पार्टीका सभापति देउवाले महाधिवेशनमा उपस्थित हुन गरिएको निम्तो स्वीकार गरेनन्। महामन्त्रीद्वयले पठाएको निम्तो देउवाले स्वीकार गरेनन्। देउवाको सचिवालयले उक्त निमन्त्रणाको



अशोक दुलाल

कुनै अर्थ नभएको बताइरहेको छ। एकथरि नेताहरू भने सभापति देउवा कांग्रेसको विगतको इतिहास सम्झेर पनि उक्त भेलालाई सम्बोधन गर्न जानुपर्ने बताउन थालेका छन्। २०५१ सालमा पनि कांग्रेसभित्र हालकै जस्तो अवस्था देखा परेको थियो।

१४औं महाधिवेशनका ५४ प्रतिशत प्रतिनिधिहरूले पार्टीमा बुझाएको हस्ताक्षरअनुसार महामन्त्रीद्वयले विशेष महाधिवेशन आह्वान गरेका हुन्। महाधिवेशन पक्षधरले शनिबार साँझ महाधिवेशनको सम्पूर्ण तयारी पूरा गरेको जनाएको छ।

### उद्घाटन सत्रको अध्यक्षता बानियाँले गर्ने

उद्घाटन सत्रको सभापतित्व कांग्रेस काठमाडौं जिल्ला सभापति सबुज बानियाँले गर्ने तय भएको छ। बन्द सत्रको सभापतित्व भने ज्येष्ठ सदस्यले गर्ने भनिएको छ। कसले गर्ने भनेर तय गरिएको छैन। महाधिवेशन पक्षधर एक नेताले भने, '२०१४ सालमा मोरङमा भएको विशेष महाधिवेशनको उद्घाटनको सभापतित्व तत्कालीन मोरङ सभापतिले गर्नुभएको हो। त्यतिबेला गिरिजाप्रसाद कोइराला जिल्ला सभापति हुनुहुन्थ्यो। अग्रजले गरेका सकारात्मक विषयलाई पछ्याउन सक्छौं। त्यहीअनुसार नै बानियाँलाई तय गरेका हौं।'

राजनीति विश्लेषक लोकराज बराल ०५१ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अहिलेकै जस्तो भेला बोलाएको सम्झँदै भन्छन्, 'त्यति बेलाको माहोल पनि यस्तै थियो। त्यतिबेलाको भेलामा टुप्लक्क कृष्णप्रसाद भट्टराई पुगेर सम्बोधन गर्नुभयो। त्यसले पार्टी दुर्घटना हुनबाट जोगाएको थियो। अहिले पनि नयाँ नेतृत्वलाई अघि बढ भनेर पार्टीका सबै पक्षलाई सम्बोधन गर्न सकिन्छ। अब यो विषय सभापति र कार्यबाहक सभापतिजीले बुझ्ने कुरा हो।'

कांग्रेस नेता अर्जुननरसिंह केसी पार्टीमा लोकतन्त्रवादी हुँ मात्र भनेर मात्र नहुने भन्दै विधि प्रक्रियालाई मानेर अगाडि बढ्नुपर्ने बताए। 'विशेष महाधिवेशन यस्तै मनपरितन्त्रको विरुद्ध हो,' केसीले भने, '०५१ सालमा गिरिजाबाबुले विद्रोह गर्नुभयो। किसुनजीको विरुद्धमा पछि किसुनजीनै आएर उद्घाटन गर्नुभयो। इतिहास पनि हेर्नुपर्‍यो, मनन गर्नुपर्‍यो। विशेष महाधिवेशनलाई पार्टी एक हुने संकल्पको अधिवेशनका रूपमा लैजानुपर्ने केसीले बताए। कांग्रेसका अर्का नेता डा. शशांक कोइरालाई विशेष महाधिवेशनका आयोजकले निमन्त्रणा दिन जाँदा आफैंले पत्र बुझेर 'गुड' भन्ने प्रतिक्रिया दिएका थिए। उनको प्रतिक्रिया हेर्दा उनी विशेष महाधिवेशनको उद्घाटन सत्रमा सहभागी हुने नेताहरू बताउँछन्।

नेता प्रदीप पौडेलले विधि र प्रक्रियागत ढंगले अगाडि बढेको विशेष महाधिवेशन गर्न कसैको थप अनुमति नचाहिने बताए। 'प्रक्रियागत हिसाबले नै अधिवेशन हुने गरी अगाडि बढेको छ। यसलाई व्यवस्थित ढंगले पार्टी हित र एकताको पक्षमा अगाडि बढाउन कोसिस गरेका छौं,' पौडेलले अगाडि भने, 'यो बहुमतले नेतृत्व चयन गर्दा पार्टी फुट्दैन यसमा कोही पनि आत्तिनुपर्ने अवस्था छैन।'

» बाँकी पृष्ठ ६